म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- १०७ २०८१ फागुन २२ गते बिहीबार 6 March 2025, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




## मुख्यमन्त्री लामाको निर्देशन मन्त्री र सचिवद्वारा अवज्ञा

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामाले मन्त्रीलाई साताको ४ दिन र सचिवहरुलाई साताको ५ दिन मन्त्रालयमै बसेर काम गर्न दिनुभएको निर्देशनको निरन्तर अवज्ञा भइरहेको छ । मुख्यमन्त्री लामाले गत पुसमा प्रदेश सरकारको अर्धवार्षिक अवधिको कार्यसम्पादन समिक्षाको क्रममा मन्त्रीलाई साताको ४ दिन र सचिवहरु ५ दिन अनिवार्य मन्त्रालय बस्नुपर्ने लिखित निर्देशन दिनुभएको थियो ।

तर, उक्त निर्देशनको पालना न मन्त्रीहरुले गरेको देखिन्छ न सचिवले नै गरेको पाइएको छ । प्रदेशका मन्त्रीहरु सातामा २ देखि ३ दिन पनि मुस्किलले मन्त्रालयमा भेटिने गरेका छन् । गत शुक्रबार काठमाडौं हानिएका प्रदेशका स्वास्थ्य मन्त्री मंगलबार मात्र हेटौंडा आइपुगेका छन् भने गत शुक्रबार भरतपुर रहेका आन्तरिक मामिला तथा योजना मन्त्री सुरजचन्द्र लामिछाने काठमाडौं हुँदै मंगलबार सिन्धुली पुगेका छन् ।

गत शुक्रबार नै प्रदेश राजधानी हेटौंडा छाडेकी प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङ आइतबार काठमाडौं हुँदै मंगलबार मन्त्रालय आएकी छिन् । गत १४ गते सिन्धुपाल्चोक पुगेकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी हालसम्म काठमाडौंमा नै व्यस्त रहेकी छिन् । प्रदेशका मन्त्रीहरु औपचारिक कार्यक्रममा गृह जिल्लासहित विभिन्न जिल्लामा व्यस्त हुँदा प्रदेश सरकारको कार्यसम्पादनमा प्रभाव पर्ने गरेको छ ।

मन्त्री मात्र नभई प्रदेशका सचिवहरु पनि अधिकांश समय काठमाडौंमा नै पुग्ने गरेका छन् । प्रदेशका प्रमुख सचिवदेखि सचिवहरु मन्त्री नभएको अवस्थामा हेटौंडा बस्न चाहँदैनन् । मुख्यमन्त्री लामाको सचिवालयका अनुसार निर्देशन अनुसार काम हुन सकेको छैन । विशेषगरी सचिवहरुलाई राजधानीमा टिकाउन नै कठिन भएको मुख्यमन्त्री लामाको सचिवालयका एक अधिकारी बताउँछन् । मन्त्रीहरु निर्वाचन क्षेत्र र विभिन्न औपचारिक कार्यक्रममा जिल्ला पुगेसँगै सचिवहरु पनि मन्त्रालय छाडेर जाने प्रचलन रहेको उनले बताए । एक कर्मचारीका अनुसार गत पुस महिनामा मात्र २० दिन सचिव मन्त्रालयमा उपस्थित छैनन् । माघ महिनामा पनि सोही अनुपातमा सचिवको हाजिर गयल रहेको उनले बताए ।

त्यसो त मुख्यमन्त्री लामाले हेटौंडा कम बस्ने गरेका छन् । गत सातामा मुख्यमन्त्री लामा औपचारिक कार्यक्रममा सहभागी हुन हेटौंडा आएका थिए । ९ गते मन्त्रिपरिषद् बैठक सकेर काठमाडौं गएका मुख्यमन्त्री लामा १२ गते हेटौंडा आएका र १३ गते फर्किएका थिए । १६ गते राती हेटौंडा आएका मुख्यमन्त्री लामा एक औपचारिक कार्यक्रममा सहभागि भई चितवन हुँदै काठमाडौं पुगेका थिए । मुख्यमन्त्री लामा २० गते मात्रै हेटौंडा आइपुगेका छन् ।

आफ्नो निर्देशन नै अवज्ञा हुने गरी मुख्यमन्त्री लामाले काम गरिरहेका छन् । सरकारको नीति तथा कार्यक्रम र बजेट पूर्णरुपमा कार्यान्वयन नहुँदा विकास निर्माणले गति लिन नसकेपछि मुख्यमन्त्री लामाले प्रदेशको राजधानी हेटौंडामै रहेर कार्यसम्पादन गर्न निर्देशन दिएका हुन् । मुख्यमनत्री लामाले अत्यावश्यक कामबाहेक हेटौंडा नछाड्न र मन्त्रालयमै रहेर काम गर्न मुख्यमन्त्रीबाट हामीलाई निर्देशन दिएका थिए । १४ वटा मन्त्रालय रहेको प्रदेशको मन्त्रिपरिषद् बैठकमा पूर्ण उपस्थिती मुस्किलले हुने गरेको छ । पछिल्लो समय मन्त्रीहरु विभिन्न कार्यक्रमको उद्घाटन र आफ्नो निर्वाचन क्षेत्र केन्द्रित भएर राजनीतिक गतिविधिमा संलग्न हुन थालेपछि प्रदेश सरकारको चौतर्फी आलोचना भइरहेको छ ।

प्रदेश सरकारको कार्य सम्पादन कमजोर हुँदा चालू आर्थिक वर्षको ७ महिनामा २० प्रतिशत मात्रै बजेट खर्च गरेको छ । प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि कुल ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँ बजेट ल्याएकोमा १३ अर्ब २ करोड ७० लाख ४३ हजार रुपैयाँ मात्र खर्च गरेको हो । गत माघ मसान्तसम्म कुल बजेटको २०.१८ प्रतिशत बजेट खर्च गरेको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । मन्त्रालयका सूचना अधिकारी सूरज पौडेलका अनुसार पुँजीगत बजेट १४.३० प्रतिशत (५ अर्ब ३० करोड ६३ लाख ५१ हजार रुपैयाँ) खर्च भएको छ । चालू आर्थिक वर्षमा प्रदेश सरकारले ३७ अर्ब ९ करोड ८४ लाख ९९ हजार रुपैयाँ पुँजीगत अर्थात् विकास खर्च छुट्याएको थियो ।

यस्तै चालूतर्फ विनियोजित २५ अर्ब ९४ करोड १९ लाख ३२ हजार रुपैयाँमध्ये माघ मसान्तसम्म २९.७६ प्रतिशत (७ अर्ब ७२ करोड ६ लाख ९२ हजार रुपैयाँ) खर्च भएको उनले बताए । १४ मन्त्रालय रहेको बागमतीमा खर्च प्रतिशतको हिसाबले सबैभन्दा बढी बजेट खर्च आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गरेको छ । ५४ करोड १३ लाख ७ हजार रुपैयाँ बजेट कार्यषन्वयन गरिरहेकोमउक्त मन्त्रालयले माघसम्म १५ करोड ८७ लाख १ हजार रुपैयाँ (२९.३२ प्रतिशत) बजेट खर्च गरेको छ ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले गत ७ महिनामा १६.१९ प्रतिशत (३ अर्ब ६९ करोड १६ लाख ७२ हजार रुपैयाँ) बजेट खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि विनियोजन भएको ५० करोड ६४ लाख ३७ हजार बजेटमध्ये माघसम्म ९ करोड ८६ लाख २५ हजार (१९.४७ प्रतिशत) बजेट खर्च भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले २३.४५ प्रतिशत (५ करोड ६३ लाख २१ हजार रुपैयाँ) बजेट खर्च गरेको छ भने खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले १ अर्ब १५ करोड ९५ लाख १७ हजार (१६.६४ प्रतिशत), स्वास्थ्य मन्त्रालयले १ अर्ब २० करोड २६ लाख २८ हजार (२९.४७ प्रतिशत) बजेट खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयले ६६ करोड ७६ लाख ८८ हजार (२०.७८ प्रतिशत), कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ४२ करोड ५ लाख २९ हजार (१६.०२ प्रतिशत) बजेट खर्च गरेको छ ।

संस्कृति तथा पर्यटन मन्त्रालयले १७ करोड ९६ लाख २० हजार (७.१६ प्रतिशत), सामाजिक विकास मन्त्रालयले २२.९० प्रतिशत (८९ करोड ४६ लाख ८० हजार रुपैयाँ), युवा तथा खेलकुद मन्त्रालयले २० करोड ३८ लाख २३ हजार (२५.३६ प्रतिशत), श्रम, रोजगार तथा यातायात मन्त्रालयले २० करोड २५ लाख ५५ हजार (२१.५७ प्रतिशत), उद्योग, भूमि तथा प्रशासन मन्त्रालयले १३ करोड ६७ लाख ६६ हजार (१८.६८ प्रतिशत) बजेट खर्च गरेको छ ।

प्रदेश सरकारले चालू आर्थिक वर्षको माघ मसान्तसम्म १९ अर्ब ८३ करोड ६३ लाख ५७ हजार (३०.७३ प्रतिशत) राजस्व संकलन गरेको छ । प्रदेश सरकारले आन्तरिक स्रोततर्फ २ अर्ब ९ करोड ७५ लाख ५६ हजार र बाँडफाँटबाट १२ अर्ब १४ करोड २६ लाख २४ हजार राजस्व प्राप्त गरेको छ ।

## डम्पिङसाइटमा नवजात शिशुको शव

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिका-७ मा डम्पिङसाइटमा सालनालसहितको नवजात शिशुको शव भेटिएको छ । मंगलबार साँझ ६ बजेर २५ मिनेटको समयमा नवजात शिशु (छोरी) को शव भेटिएको जानकारी इलाका प्रहरी कार्यालय मनहरीलाई प्राप्त भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीले नवजात शिशु कसले फाल्यो भन्ने विषयमा अनुसन्धान गरिरहेको जनाएको छ । यसअघि हेटौंडा हस्पिटलको डस्टविनमा, हेटौंडा-४, हुप्रचौरमा नवजात शिशु छाडेर जाने व्यक्तिको पनि पहिचान गर्न सकेको छैन । नवजात शिशु जिउँदै छाडेर जानु, मृत अवस्थामा छाडेर जानु गम्भीर अपराध मानिए पनि प्रहरी प्रशासनले यस्तो अपराध गर्नेलाई पक्राउ गर्न सकेको छैन ।

## आफ्नै छोराको हत्या अभियोगमा दम्पत्ति पक्राउ

समाज संवाददाता

हेटौंडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका एक दम्पत्ति आफ्नै छोराको हत्याको अभियोगमा पक्राउ परेका छन् । फागुन १५ गते राती ८ बजेको समयमा इन्द्रसरोवर-३, अदुवाबारीस्थित आफ्नै घरमा खाना खाँदै गरेका ६३ वर्षीय मीन बहादुर भ्लोन र ६४ वर्षीय देवीमाया भ्लोनमाथि धुलो छर्केर आक्रमण गरेका ३९ वर्षीय भर थकुमार दम्पत्तिको प्रतिकारमा गम्भीर घाइते भएका थिए । मास्क लगाएर आएकाले नचिनेर भ्लोन दम्पत्तिले आफ्नै जोठो छोरा भरथकुमारलाई गम्भीर हुने गरी प्रतिकार गरेका थिए । भरथकुमारको उपचारको क्रममा फागुन १६ गते दिउँसो १ बजेर ४५ मिनेट मृत्यु भएको थियो ।

झडपमा घाइते भएका भ्लोन दम्पत्ति उपचारका लागि भक्तपुरस्थित अस्पतालमा थिए । प्रहरीको निगरानीमै उपचाररत भ्लोन दम्पत्ति मंगलबार अस्पतालबाट डिस्चार्ज भएपछि प्रहरीले पक्राउ गरेको हो । भक्तपुरबाट मंगलबार अबेर राती जिल्ला प्रहरी कार्यालय मकवानपुर ल्याइएको प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । बुधबार जिल्ला प्रहरी कार्यालयमा ल्याएर सोधपुछ गर्ने क्रममा भ्लोन दम्पत्तिले नचिनेर प्रतिकार गरेको बताएको प्रहरीले जनाएको छ । ज्यान सम्बन्धी कसुरमा भ्लोन दम्पत्तिलाई ५ दिन हिरासतमै राखेर अनुसन्धान गर्न मकवानपुर जिल्ला अदालतबाट अनुमति पाएको र प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

### प्रधानमन्त्री कप क्रिकेट

## मकवानपुरले आज फाइनल खेल्दै

समाज संवाददाता

हेटौंडा : प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिताको फाइनल खेल आज बिहीबार हुँदैछ । काठमाडौंको मुलपानी रंगशालामा हुने फाइनल खेलमा मकवानपुर र ललितपुरबीच प्रतिस्पर्धा हुनेछ । मंगलबार भएको सेमीफाइनल खेलमा काठमाडौंलाई ३ विकेटले पराजित गर्दै मकवानपुरले फाइनलको यात्रा तय गरेको हो । काठमाडौंले दिएको २ सय ३२ रनको लक्ष्य ४१ ओभरमा ७ विकेटको क्षतिमा भेट्टाउँदै मकवानपुर फाइनल प्रवेश गरेको थियो । मकवानपुरका शुभ कंशाकारको विष्फोटक ब्याटिङसँगै मकवानपुरले काठमाडौंविरुद्ध जित दर्ता गरेको हो । शुभ कंशाकारले ३९ बलमा ७३ रन बनाए । कंशाकार प्लेयर अफ द म्याच घोषित भए । मकवानपुरको जितमा कप्तान सुमन सुनारले पनि ५७ बलमा ५१ रन बनाए । काठमाडौंस्थित मूलपानी रंगशालामा पहिलो इनिङ्समा काठमाडौंले ४७ ओभर खेल्दै सबै विकेट गुमाएर २ सय ३१ रन जोड्न सफल भएको थियो । काठमाडौंका लागि सोनु देवकोटा र पृथु बास्कोटाले अर्धशतक पूरा गरेका थिए ।

## अस्पतालमा रहेका २ वटा शवको पहिचान हुन सकेन

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा रहेका २ वटा शवको पहिचान हुन सकेको छैन । हेटौंडा अस्पतालको शवगृहमा राखिएको बेवारिसे शवको पहिचान नहुँदा शव परिवारको जिम्मा लगाउन वा अन्त्येष्टि गर्न समस्या भएको हो ।

४-५ दिनसम्मका लागि मात्र शव राख्न मिल्ने शवगृहमा रहेका मर्चुरी क्षमता रहेको हेटौंडा अस्पतालका निमित्त निर्देशक डा.रामचन्द्र सापकोटाले जानकारी दिनुभयो । बेवारिसे शवको पहिचान र अन्त्येष्टि अन्योल हुँदा शव व्यवस्थापनमा प्रहरीलाई समस्या भएको उहाँले बताउनुभयो ।

अस्पतालमा महिनौंसम्म शव राख्न मिल्ने मर्चुरी क्षमता नहुँदा अस्पतालले यस्तो समस्या झेलिरहनु परेको उहाँको भनाइ छ । महिनौंसम्म शव राख्न मिल्ने मर्चुरी ल्याउन अस्पतालले पहल गरिरहेको डा. सापकोटाले जानकारी दिनुभयो ।

सोमबार पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मकवानपुरको मनहरीमा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार चितवनको रत्ननगर नगरपालिका-१६, पिठुवाका ५६ वर्षीय निमबहादुर थापाको मृत्यु भयो । मृतक थापाको शवलाई पोस्टमार्टम गर्न सोही दिन हेटौंडा अस्पतालमा ल्याउँदा शव राख्ने ठाउँमा दुर्गान्धित भएपछि मर्चुरी नै बिग्रेको भन्दै मृतकका आफन्तले आक्रोश पोखेका थिए ।

मृतकका आफन्त डिल्लीप्रसाद गौतमले ७ महिनादेखि किरा भन्किरहेको अवस्थामा शव रहेको पाइएको बताउनुभयो । उहाँले लामो समयसम्म शव राख्न मिल्ने मर्चुरीको व्यवस्था गर्न आग्रह गर्नुभयो । हेटौंडा अस्पताल बचाउ अभियानकर्ता रामशरण कार्कीले हेटौंडा अस्पतालमा रहेका शव पहिचान गर्न मिल्ने अवस्थामा नरहेको बताउनुभयो । पूर्व-पश्चिम राजमार्गमा बढी दुर्घटना हुने भए पनि अस्पतालमा थप मृतकको शव राख्ने ठाउँसमेत नभएको उहाँले बताउनुभयो । हेटौंडा अस्पतालको लावारवाहीका कारण शवसमेत पहिचान गर्न नसक्ने अवस्थामा पुगेको उहाँले बताउनुभयो ।

न्यून संख्यामा मर्चुरी हुँदा शव राख्न समस्या भइरहेको छ । लगभग सबैजसो फ्रिज भरिभराउ नै हुन्छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बाह्र वर्षसम्म सुरक्षित रहनसक्ने गरी शव राख्नुपर्ने कानुनी प्रावधान छ ।

## यस वर्ष डढेलोको जोखिम उच्च

सन्तोष साशंकर

हेटौंडाः लामो समयसम्म खडेरी परेर यस वर्ष राम्रोसँग पानी परेको छैन । गत वर्षभन्दा यस वर्ष पानी कम परेकाले डढेलोको जोखिम उच्च रहेको डिभिजन वन कार्यालयका हेटौंडाका सूचना अधिकारी वन अधिकृत दीपक अधिकारीले बताउनुभयो ।

विगतका वर्षभन्दा यस वर्ष पानी कम परेका कारण डढेलो लाग्ने जोखिम उच्च रहेको उहाँले जानकारी दिनुभयो । गत वर्ष ६८५ हेक्टर क्षेत्रफलमा डढेलो लागेको उहाँले बताउनुभयो ।

डढेलोबाट हुने जोखिम न्यूनीकरणका लागि गत माघ २९ गते सरोकारवालासँग बैठक बसेको र उक्त बैठकमा उच्च जोखिम देखिएका सामुदायिक वनमा अग्निरेखा बनाउने निर्णय भएको उहाँले जानकारी दिनुभयो । अग्निरेखाले गर्दा भावी दिनमा डढेलोबाट हुने क्षति कम हुने उहाँले बताउनुभयो ।

‘अहिले सामुदायिक वनमा अग्निरेखा बनाउने कार्य भइरहेको छ’, वन अधिकृत अधिकारीले भन्नुभयो- ‘डिभिजन वन कार्यालय हेटौंडा अन्तर्गतका ८ वटा सवडिभिजन वन कार्यालयमार्फत् काम भइरहेको छ ।’ प्रत्येक सामुदायिक वनमा फागुनदेखि जेठसम्म ४ महिनाका लागि ३-४ जनाको संख्यामा अग्निनियन्त्रण टोली खटाइएको उहाँको भनाइ छ । टोलीका सदस्य, अग्निनियन्त्रक, वन हेरालु र कार्मचारीलाई वन डिभिजन कार्यालयले १० लाख रुपैयाँको बिमा गरेको उहाँले बताउनुभयो ।

डिभिजन वन कार्यालयले अग्निनियन्त्रण गर्ने सामग्री खरिद गरेको र सामुदयिक वन उपभोक्ता समूहलाई पनि खरिद गर्न लगाएको उहाँले बताउनुभयो । आगलागी तथा डढेलोको घटना, काठ तथा वन्यजन्तु चोरी तस्करी, उद्दार र डिभिजन वन कार्यालयसँग सम्बन्धित गुनासोका लागि टोलफ्री नम्बर १८१०५०००१९३ सम्पर्क गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

डढेलोबाट हुने जोखिम न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको उहाँले बताउनुभयो । आउँदो चैत १ गतेदेखि ७ गतेसम्म एक साता डढेलो सचेतना सप्ताह कार्यक्रम हुने उहाँले जानकारी दिनुभयो ।

नेपालको सन्दर्भमा डढेलो लाग्ने कुनै प्राकृतिक कारण नभए पनि मानवीय लापरबाहीले वनमा आगो लाग्ने गरेको उहाँले बताउनुभयो । नयाँ घाँस पलाउने मान्यता र खेतबारीको सरसफाईका लागि आगो लगाउँदा अनियन्त्रित भई डढेलो लाग्ने गरेको उहाँको भनाइ छ । वन छेउमा घर भएका व्यक्तिहरुले खाना पकाएपछि आगो ननिभाउने, वनभोज गएका व्यक्तिले आगो ननिभाउने र र माइलोका लागि वनमा आगो लगाउने गरेको पाइएको उहाँले जानकारी दिनुभयो ।

चुरोटको ठुटाहरु ननिभाई जथाभावी फाल्दा पनि आगलागी हुने गरेको छ । कतिपय ठाउँमा सामुदायिक वनका पदाधिकारीसँगको रिसले कार्यकाल कमजोर बनाउने उद्देश्यले आगो लगाउने गरेको पाइएको डिभिजन वन कार्यालयका हेटौंडाका वन अधिकृत अधिकारीले बताउनुभयो ।

## लागूऔषध अफिमसहित ४ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : लागूऔषध अफिमसहित बारा प्रहरीले ४ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ३ जना मकवानपुरका र १ जना चितवनका छन् । हेटौंडा हुँदै वीरगन्जतर्फ जाँदै गरेका २ जनालाई प्रहरीले मंगलबार बिहान र २ जनालाई बुधबार दिउँसो पक्राउ गरेको हो ।

बुधबार मकवानपुरको राक्सिराङ गाउँपालिका-१ का २७ वर्षीय सुनिल मोक्तान र भीमफेदी गाउँपालिका-३ का २० वर्षीय हर्क रुम्बा लागूऔषध अफिमसहित बारा जिल्लाको अमलेखगन्जबाट पक्राउ परेका छन् । विशेष सूचनाको आधारमा बुधबार दिउँसो ३ बजेको समयमा ईलाका प्रहरी कार्यालय अमलेखगन्जबाट खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगर पालिका-२१, अमलेखगन्जस्थित प्रहरी कार्यालय अगाडिको चेक प्वाईन्टबाट सुनिल र हर्कलाई २ किलो ०४१ ग्राम लागूऔषध अफिमसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । सुनिल र हर्क बा प्रदेश ०३-००३ प ३१२६ नम्बरको मोटरसाईकलमा हेटौंडाबाट वीरगन्जतर्फ जाँदै गर्दा प्रहरीले लागूऔषध अफिमसहित पक्राउ गरेको हो ।

यस्तै हेटौंडा हुँदै बारा जिल्लाको अमलेखगन्ज पुगेका चितवन जिल्लाको कालिका नगरपालिका-३ का ५० वर्षीय संचलाल वाईवा र मोटरसाइकलमा सवार हेटौंडा-३ का ४८ वर्षीय हीरालाल वाईबालाई प्रहरीले लागूऔषध अफिमसहित पक्राउ गरेको छ । मोटरसाइकलमा सवार संचलाल र हीरालालको साथबाट प्रहरीले लागूऔषध अफिम २ किलो ५ सय ग्राम बरामद गरेको छ । विशेष सूचनाको आधारमा प्रहरीले मंगलबार बिहान साढे ६ बजेको समयमा ईलाका प्रहरी कार्यालय अमलेखगन्जबाट खटिएको प्रहरी टोलीले अमलेखगन्जस्थित प्रहरी कार्यालय अगाडि राजमार्ग चेक प्वाईन्टमा हेटौंडाबाट वीर गन्जतर्फ जाँदै गरेको प्र ३-०३-००२ प ८११ नम्बरको मोटरसाईकललाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा लागूऔषध अफिम बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## सम्पादकीय

# स्वास्थ्य सुविधा थपिँदै

हेटौंडा अस्पतालमा स्वास्थ्य उपचार सुविधा थपिँदै गएको छ । विशेषज्ञ चिकित्सकसहित विभिन्न रोगको उपचार सुविधा अस्पतालमा थप हुँदै गएको हो । बागमती प्रदेश सरकार अन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (मेडिकल कलेज) मातहतमा हेटौंडा अस्पताल सञ्चालन भइरहेको छ । राजनीतिक रुपमा हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग बनाउनुपर्ने माग उठिरहेको भए पनि प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालमा स्वास्थ्य सेवा तथा सुविधा विस्तार र सुधार हुँदै गएको छ । केही दिनदेखि हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहतबाट अलग गराउन दबाब दिने उद्देश्यले हस्ताक्षर अभियान सञ्चालन भइरहँदा अस्पतालमा मुटुरोग उपचार सुरु हुने समाचार सार्वजनिक भएको छ । केही वर्षदेखि स्नातक तहको मेडिकल शिक्षाका केही विषयहरु पठनपाठन गराइरहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले यस वर्षबाट स्नातकोत्तर तह (पिजी) अध्यापनका लागि आठ सिट पाएको छ ।

प्रतिष्ठान मातहतमा हेटौंडा अस्पताल सञ्चालन सुरु भएपछि अस्पतालको भौतिक तथा स्वास्थ्य सेवामा धेरै नै विकास र विस्तार भएको छ । सबैजसो रोगको विशेषज्ञ चिकित्सकसहित उपचार हुने गरेको हेटौंडा अस्पतालमा मुटु स्वास्थ्यसम्बन्धी सेवा विस्तारको तयारी भएको हो । प्रतिष्ठानले हेटौंडा अस्पतालमा आगामी साताबाटै मुटु रोगसम्बन्धी सेवा सुरु गर्ने तयारी गरेको जनाइएको छ । लामो समयदेखि प्रयास गर्दा पनि अस्पतालमा मुटु रोगको परीक्षण तथा उपचार सेवा सुरु हुन सकेको थिएन । अस्पतालमा मुटु रोगसम्बन्धी उपचारका लागि आवश्यक उपकरण भए पनि विशेषज्ञ डाक्टर नहुँदा सेवा सञ्चालन हुन सकेको थिएन । मुटु स्वास्थ्य विशेषज्ञ डा. विकेश श्रेष्ठ अस्पतालमा हाजिर भएलगत्तै सेवा सञ्चालनको तयारी गरिएको बताइएको छ । अस्पतालमा मुटु स्वास्थ्य सेवा सुरु भएपछि मुटुसम्बन्धी स्वास्थ्य समस्या हुँदा भरतपुर तथा काठमाडौं जानुपर्ने बाध्यता अन्त्य हुने भएको छ ।

हेटौंडामा कुनै पनि अस्पतालमा नियमित मुटु रोग परीक्षण तथा उपचार सेवा नभएको अवस्थामा मुटु स्वास्थ्यसम्बन्धी समस्या भएका बिरामीलाई धेरै असुविधा भइरहेको थियो । हेटौंडामै मुटु रोगको उपचार सहज बनाउन रोटरी क्लब अफ मकवानपुरले हेटौंडा उपमहानगरपालिकासँगको साझेदारीमा १ करोड रुपैयाँ मूल्यको मुटु परीक्षण उपकरण अस्पताललाई उपलब्ध गराएको थियो । करिब एक वर्षअघि नै उपकरण प्राप्त भए पनि अस्पतालले मुटु स्वास्थ्यसम्बन्धी विशेषज्ञ डाक्टर नियुक्ति गर्न नसक्दा सेवा सुरु हुन सकेको थिएन । मुटु रोग विशेषज्ञ डाक्टरसहित सेवा सुरु भएपछि इको, ईसीजी, टीएमटीजस्ता मुटु रोगको परीक्षण र उपचार गर्न बाहिर जानुपर्ने बाध्यता हट्नेछ । प्रतिष्ठानको पहलमा संघीय सरकारले टिचिङ हस्पिटलबाट अध्ययन गरेका मुटु रोग विशेषज्ञ डा. पठाउने भएपछि अस्पतालले उपचार सेवा सुरु गर्ने तयारी गरेको हो । प्रतिष्ठानले पनि एक साताअघि एक जना मुटु स्वास्थ्य विशेषज्ञ डाक्टर नियुक्तिका लागि आवेदन माग गरेको छ । दुई जना विशेषज्ञ डाक्टरबाट हाल ओपिडी सेवा सञ्चालन गर्ने अस्पतालको तयारी छ ।

पछिल्ला दिनहरुमा अस्पतालको सेवा विस्तार हुँदै जाँदा बिरामीको चाप पनि बढिरहेको छ । करिब ५-६ वर्ष अघिसम्म सामान्य रोगको उपचारसमेत नभएर रिफर गर्नुपर्ने अवस्थाको हेटौंडा अस्पतालबाट अहिले सुविधासम्पन्न भौतिक पूर्वाधार, थुप्रै विशेषज्ञ चिकित्सक र स्वास्थ्य परीक्षण उपकरणसहित सेवा प्रवाह भइरहेको छ । अस्पतालको निर्माणाधीन भवन सञ्चालनमा आएपछि मुटु स्वास्थ्य तथा अन्य रोगहरुको शल्यक्रियाका साथै अन्य सेवा विस्तारमा सहज हुनेछ । हेटौंडा अस्पतालले सबै प्रकारका रोगहरुको उपचार गर्ने गरी सेवा थप गरिरहँदा अस्पतालको स्वामित्व विवाद भने निराकरण हुन सकेको छैन । बागमती प्रदेश सरकारले बनाएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनमा हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहत सञ्चालन गर्ने व्यवस्थाको पक्ष र विपक्षमा देखिएका राजनीतिक दलहरुका कारण अस्पतालको विकास र सेवा विस्तारमा असर पर्नु उचित हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आफन्तहरुबाट भने जस्तो सहयोग प्राप्त होला ।
**वृष** : आँटेताकेका कामहरु सम्पन्न हुने समय योग छ ।
**मिथुन** : खर्चवृद्धि र ऋणले तनाब सिर्जना होला ।
**कर्कट** : मित्रको सहयोगले मन प्रफुल्ल हुने समय छ ।
**सिंह** : प्रतिद्वन्द्वी सामु क्षमता प्रदर्शन हुने योग छ ।
**कन्या** : बौद्धिक क्रियाकलापमा सरिक भइने समय योग छ ।
**तुला** : थप जिम्मेवारी बढ्ने समय योग रहेको छ ।
**वृश्चिक** : पराक्रम र सिद्धिमा समय व्यतित होला ।
**धनु** : श्रमको उचित मूल्याकन हुने समय योग छ ।
**मकर** : कानुनी समस्या र आर्थिक समस्याले सताउला ।
**कुम्भ** : खर्चको मात्रामा अचानक वृद्धि हुने समय छ ।
**मीन** : प्रतिस्पर्धीहरु पराजित हुने समय योग छ ।

# पन्ध्र दिनमा एसईईमा उत्कृष्ट परिणाम कसरी हासिल गर्ने ?



चन्द्रमणि रिमाल

माध्यमिक शिक्षा परीक्षा परीक्षा विद्यार्थीहरूको शैक्षिक यात्राको एक महत्वपूर्ण मोड हो । यो परीक्षा जीवनको एउटा चरणबाट अर्को चरणमा प्रवेश गर्ने ढोका भएकाले विद्यार्थीहरू तथा समाजले यसलाई गम्भीरताका साथ लिन्छन् । जब परीक्षा नजिक आउँछ तब विद्यार्थीहरूमा केही चिन्ता र दबाब बढ्न सक्छ । तर यदि योजना मिलाएर तयारी गरियो भने १५ दिनको छोटो समयमा पनि उत्कृष्ट परिणाम प्राप्त गर्न सकिन्छ ।

**१. अध्ययनको स्पष्ट योजना बनाउनुहोस्** :

पन्ध्र दिन बाँकी रहँदा अत्तालिनुको सट्टा व्यवस्थित योजना बनाउनुहोस् । कुन विषय कति समय दिने, कुन विषय बढी ध्यान दिनुपर्ने जस्ता कुराहरू पहिल्यै तय गर्नुहोस् । तालिका निम्नानुसार बनाउन सकिन्छ :

पहिलो १० दिनः प्रत्येक दिन आफूले राम्रो गर्न सक्ने दुई वा तीन विषयलाई ध्यान दिएर पढ्ने,

बाँकी ५ दिनः पुनरावृत्ति, मोक टेस्ट, लेखन अभ्यास जस्ता कार्यहरु अधिक मात्रामा गर्ने,

**२. पाठ्यक्रम अनुसार प्राथमिकता तय गर्नुहोस्** :

सबै विषय पढ्न सम्भव नहुन सक्छ, त्यसैले परीक्षामा बढी अङ्क पाउन सकिने अध्यायहरु प्राथमिकतामा राख्नुहोस् । परीक्षामा बारम्बार सोधिने प्रश्नहरुको सूची बनाएर तयारी गर्नुहोस् ।

**३. नोट तयार पार्ने र पुनरावृत्ति गर्ने** :

समय कम भएकाले सम्पूर्ण पाठ्यपुस्तक दोहोऱ्याएर पढ्न सम्भव नहुन सक्छ । त्यसैले सङ्क्षिप्त नोट तयार पार्ने र जटिल अवधारणाहरू सङ्क्षिप्त रूपमा बुझ्ने अभ्यास गर्नुहोस् ।

**४. लेखन अभ्यास नियमित गर्नुहोस्** :

पढेर मात्र परीक्षा पास गर्न सकिँदैन । उत्तर लेख्ने क्षमताको विकास गर्न लेखन अभ्यास आवश्यक छ । गणित, विज्ञान र अङ्ग्रेजी जस्ता विषयहरूमा लेखन अभ्यास झनै महत्वपूर्ण हुन्छ ।

**५. समय व्यवस्थापनकमा कौशलता अपनाउनुहोस्** :

प्रत्येक विषयका लागि निश्चित समय छुट्याउनुहोस् । परीक्षा दिनका लागि ३ घण्टाको अभ्यास टेस्ट दिनुहोस् । यसले उत्तर लेख्ने गति बढाउनुका साथै आत्मविश्वास पनि बढाउँछ ।

**६. पहिलाका प्रश्नपत्र हल गर्ने** :

पछिल्ला ५ वर्षका प्रश्नपत्रहरु हल गरेर तयारी गर्दा प्रश्नको ढाँचा बुझ्न सजिलो हुन्छ । यसले विद्यार्थीलाई परीक्षामा सोधिने प्रश्नहरूप्रति मानसिक रुपमा तयार पार्छ त्यसैले प्रत्येक दिन परीक्षा दिनुहोस् ।

**७. स्मरण शक्ति बढाउने तरिकाहरू अपनाउनुहोस्** :

महत्वपूर्ण तथ्यहरू सम्झन म्युजिकल टेक्निक, माइन्ड म्याप, फ्ल्यासकार्ड जस्ता विधिहरू अपनाउनुहोस् । समूह अध्ययन गर्दा पनि ज्ञान आदानप्रदान गर्न सजिलो हुन्छ ।

**८. आत्मविश्वास बढाउने र तनाव कम गर्ने** :

पर्याप्त निद्रा, सन्तुलित आहार, हल्का व्यायाम र सकारात्मक सोच राख्नुहोस् । आत्मविश्वास बढाउन ध्यान र स्वासप्रश्वास अभ्यास गर्नुहोस् ।

**९. परीक्षा हलमा अपनाउनु पर्ने रणनीति** :

परीक्षा दिने क्रममा समय व्यवस्थापन महत्वपूर्ण हुन्छ । पहिलो ५ मिनेट प्रश्नहरू राम्रोसँग पढ्ने, कठिन प्रश्नलाई पछि गर्ने र अङ्क दिनुपर्ने हिसाबले उत्तर लेख्ने रणनीति अपनाउनुहोस् ।

**१०. आत्मविश्वास राख्दै उत्कृष्ट प्रदर्शन गर्नुहोस्** :

परीक्षा केवल ज्ञानको परीक्षण मात्र होइन, मानसिक दृढताको पनि परीक्षा हो । सकारात्मक सोच राखेर आत्मविश्वासका साथ परीक्षामा सामेल हुनुहोस् । तपाईंले राम्रो तयारी गर्नुभएको छ भने सफलता अवश्य मिल्नेछ ।

पन्ध्र दिनको सानो समय पनि योजना बनाएर सदुपयोग गर्न सकिन्छ । उचित योजना, नियमित अभ्यास र सकारात्मक सोचले एसईई परीक्षामा उत्कृष्ट अङ्क ल्याउन सकिन्छ ।

तपाईं जो एसईई दिँदै हुनुहुन्छ हार्दिक शुभकामना !

# सार्वजनिक ऋणको भारी बढेको बढ्यै



रुद्रप्रसाद भट्टराई

देशको सार्वजनिक ऋण घट्छ भन्ने आशामा बसेका जनता 'आकाशको फल आँखा तरी मर' को अवस्थामा पुगेका छन्, किनकि न उक्त रकम घट्छ, न जनताको प्रतिव्यक्ति आम्दानीमा परिवर्तन हुन्छ, न दैनिकी नै सहज बन्छ । यति हुँदा पनि देशका शासकको ध्याउन्न सत्ताको गुणगान नै गाउनमा व्यस्त छ । यसको पछिल्लो प्रमाण हो– ८५ हजारको हाराहारीमा प्रत्येक नेपालीको टाउको देखिएको ऋण !

आँकडाले देखाउँछ– मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को तुलनामा सार्वजनिक ऋणको दायित्व ४५ प्रतिशत नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको प्रतिवेदनअनुसार चालु आर्थिक वर्ष २०८१-८२ को माघसम्ममा सरकारी ऋण २६ खर्ब ११ अर्ब ६ करोड रुपैयाँ पुगेको छ । 'चालु आर्थिक वर्षको सुरुमा सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब ९ करोड रहेकोमा माघ मसान्तसम्ममा १ खर्ब ७६ अर्ब ९६ करोड थपिएको छ । हालसम्मको कुल सार्वजनिक ऋण जिडिपी अनुपातमा ४५.७७ प्रतिशत हुन आउँछ', कार्यालयको प्रतिवेदनमा भनिएको छ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५०.८७ र आन्तरिक ऋणको हिस्सा ४९.१३ प्रतिशत छ । माघ मसान्तसम्ममा आन्तरिक ऋण १२ खर्ब ८२ अर्ब ८१ करोड र बाह्य ऋण दायित्व १३ खर्ब २८ अर्ब २५ करोड छ । विनिमय दरमा भएको परिवर्तनका कारण मात्रै यो अवधिमा ३६ अर्ब ५९ करोड ऋण दायित्व थपिएको कार्यालयले जनाएको छ ।

यही ऋणका कारण देशवासीको जीवन असहज मात्र भएको छैन, आयातित सामानको भारीले महँगीले रेकर्ड कायम गरिरहेको छ । कमाइ गर्ने क्षेत्र क्रमशः साँघुरिँदै गएका छन् भने अर्कातिर खर्च गर्ने क्षेत्रहरूमा उचो वृद्धि हुँदै गएको छ । यी दुई पक्षको वैज्ञानिक वृद्धि नहुँदा दोब्बर ऋणको भारी बोक्नुपरेको छ जनताले । यसैका कारण नीति तहबाटै भ्रष्टाचार बढेको छ भने त्यसको मारमा भने आम गरिब जनता नै परेका छौं । उत्पादनका क्षेत्रहरूमा क्रमशः ताल्चा लाग्दै गएको अवस्था छ अनि केहीको संख्याले पैसाको व्यापार गर्ने क्षेत्रलाई मलजल गर्दा देशको अब्बल श्रमशक्ति विदेश बेचिएको छ, त्यो पनि नफर्कनेको संख्या बढ्दो छ । जाँगर सहितको उत्पादन नदेखिँदा उत्पादनमा ह्रास र आयातित सामग्री चुलिएको छ । फलस्वरूप खर्चको सीमा तोडिएको छ । सरकार केवल रमिता हेरेर बसेको छ, किनकि ऊ नै यसमै व्यापार गरिरहेको छ, जग हँसाइरहेको छ ।

विगत चार वर्षमा देशले संघीयता धान्न र स्रोत-साधनबिनाको उच्च अंकको बजेट बनाउने क्रम बढेसँगै प्रतिव्यक्ति ऋणभार बढेर करिब ८५ हजार रुपैयाँ पुगेको छ । हरेक पछिल्ला वर्षमा सार्वजनिक ऋणको आधार बढिरहेको तथ्यांकले देखाउँछ । यसअनुसार २०७३-७४ मा नेपालको सार्वजनिक ऋण ६ खर्ब ९७ अर्ब ६८ करोड बराबर थियो । २०७४-७५ मा यस्तो ऋण ९ खर्ब १७ अर्ब पुग्यो । सार्वजनिक ऋण २०७५-७६ मा १० खर्ब ४८ अर्ब, २०७६-७७ मा १४ खर्ब ३३ अर्ब, २०७७-७८ मा १७ खर्ब ३७ अर्ब, २०७८-७९ मा २० खर्ब १३ अर्ब, २०७९-८० मा २२ खर्ब ९५ अर्ब र आर्थिक वर्ष २०८०-८१ मा २४ खर्ब ३४ अर्ब ९ करोडबराबर पुगेको सरकारी प्रतिवेदनहरुमा उल्लेख छ । फलस्वरूप, बाह्य क्षेत्रमा दबाब सिर्जना भएको छ भने उपभोक्ता मुद्रास्फीतिमा थप चाप परेको छ । राखेको पैसासमेत खिइँदै गएको जानकारहरूको राय छ । महँगीले उचो दर कायम गरिरहेको यो विषम अवस्थामा हामी राजनीतिक अस्थिरताकै मुद्दामा दैनिकी गुजारिरहेका छौं । जथाभावी ऋण लिने र मनलाग्दी खर्च गर्ने सरकारी रवैयाका कारण बढेको बोझले देशवासीको ढाड थचक्कै बसेको छ ।

नेपाल राष्ट्र बैंकको ताजा तथ्यांकले भन्छ– उपभोक्ता मुद्रास्फीति ५.४१ प्रतिशत रहेको छ । खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.६७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१९ प्रतिशत छ । तरकारी उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक २८.५२ प्रतिशत, घिउ तथा तेलको १०.६७ प्रतिशत, दाल तथा गेडागुडीको ९.४८ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको ७.२३ प्रतिशतले बढेको छ । गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ९.३५ प्रतिशत, मदिराजन्य पेय पदार्थको ७.०१ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ६.७५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको ५.२९ प्रतिशतले बढेको छ ।

ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.६८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.३१ प्रतिशतले बढेको छ । प्रदेशगत रूपमा कोसी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.७३ प्रतिशत, मधेस प्रदेशको ५.९६ प्रतिशत, बागमती प्रदेशको ५.१४ प्रतिशत, गण्डकी प्रदेशको ४.३७ प्रतिशत, लुम्बिनी प्रदेशको ४.८३ प्रतिशत, कर्णाली प्रदेशको ४.६० प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.६७ प्रतिशत रहेको छ । काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.०३ प्रतिशत, तराईको ५.६० प्रतिशत, पहाडको ५.४१ प्रतिशत र हिमालको ५.२७ प्रतिशत रहेको छ । सरकारी आँकडाले यो प्रतिशत देखाइरहँदा धरातल भने ठ्याक्कै दोब्बरको हाराहारीमा महसुस गरिरहेको अवस्था छ । किनकि बजार मनपरीतन्त्रको जगमा उभिएको छ भने जनताको सकसलाई झनै बढाइदिएको छ ।

पूर्वाधार विकासका लागि सार्वजनिक ऋण स्वाभाविक प्रक्रियाभित्र पर्छ । कुनै पनि देशले राष्ट्रिय विकासको आकांक्षालाई सम्बोधन गर्न आम्दानीका स्रोत अपर्याप्त हुन सक्छन्, त्यसैले अन्तर्राष्ट्रिय अनुदान र सार्वजनिक ऋण स्वाभाविक आवश्यकता बन्छ । अनुदान र ऋणले बोझ बोकाउने मात्र होइन, द्विदेशीय सम्बन्ध तथा विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकार्यलाई पनि प्रवर्द्धन गर्छ । यो प्रक्रियाबाट सीप तथा प्रविधिको पनि हस्तान्तरण हुन्छ । कुन देशले कति प्रतिशतसम्म ऋण लिने भन्ने कुनै निश्चित बिन्दु हुँदैन । समृद्ध देशले पनि आफ्नो कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को माथिल्लो अनुपातसम्मै ऋण लिने गरेका हुन्छन् । देशले आफ्नो आर्थिक बनोट, पृष्ठभूमि र विकासको सामर्थ्यका आधारमा ऋणको सिमाना निर्धारण गर्छन् । त्यसरी आएको ऋण सदुपयोग भएको छ कि छैन र आयोजना निर्माण भएका छन् कि छैनन् ? योचाहिँ मुख्य मुद्दा हो ।

संघीयताको कार्यान्वयनका कारण बढेको खर्च साथै नेपालको ऋण अन्य कारणहरूले पनि बढिरहेको प्रस्ट छ । बजेटको ६०-६५ प्रतिशत चालु खर्चमा सकिनु, सरकारका महत्वाकांक्षी विकास योजना र सीमित राजस्व संकलनका कारण आन्तरिक र विदेशी ऋणमा निर्भरता बढेको छ । थप ऋणबाट सञ्चालन हुने धेरैजसो विकास परियोजना समयमा पूरा नहुनु, व्यापक भ्रष्टाचार र प्रशासनिक कमजोरीका कारण लागत वृद्धि र कम प्रतिफल हुने गरेको छ, जसले गर्दा ऋणको भारी बढेको छ । यदि भौतिक निर्माण र अरू पुँजी वृद्धि हुने कामको सिर्जना नभई प्रशासनिक र चालु खर्चमा मात्र ऋण लिएको पैसा खर्च हुने हो भने ऋणको भार भविष्यमा अझै बढ्ने पक्का छ । किनकि हामीले सो गर्न कुनै प्रयास गरेकै छैनौं, दिगो योजना र संयन्त्र बनाएकै छैनौं । हामीले वित्तीय अनुशासन कायम गर्न सकेका छैनौं । आन्तरिक राजस्व वृद्धिमा अझै पनि देखावटीपन छ, भन्सार छली रोक्न सकिएको छैन ।

आर्थिक क्षेत्रमा पुरातनवाद हाबी छ, विविधीकरण गर्न सकिएको छैन । निजी क्षेत्रलाई अझै पनि उत्साहजनक सहभागिता गराउन र ग्यारेन्टी गराउन सकिएको छैन । माथिदेखि तलसम्म पारदर्शिता र उत्तरदायित्वमा कमी छँदै छ । यी पक्षमा नेतृत्वको ध्यान भने नगएको होइन, तर नैतिकता गुमाउनाले देशको ऋण दिनकै उकालो यात्रामा छ र अर्थतन्त्र झनै संकुचित भइरहेको छ अनि जनतामा अभावै अभावको विषम अवस्था जारी छ । सरकार ऋण तिर्न थप ऋण लिने दौडमा जाँदा पनि सार्वजनिक ऋणको साँवाब्याज बढेर गएको छ ।

कुनै कालमा बढी ऋण भए त कुनैमा कम । तर, ऋण त ऋण नै हो । एकातिर जुनसुकै पनि ऋणको साँवा र ब्याज तिर्नैपर्ने हुन्छ । अर्कातिर, निर्धारित उद्देश्यका लागि लिइएको सार्वजनिक ऋणबाट उत्साहजनक प्रतिफल हासिल गर्न हामीमा सकिएको देखिँदैन । हाम्रा ऋणका शीर्षक र खर्च गराइका क्षेत्रबीच अझै तालमेल देखिँदैन । यी सबै अवस्थालाई एकै ठाउँमा राखेर हेर्ने हो भनेचाहिँ हामीले हाम्रो आर्थिक

...बाँकी पृष्ठ ४ मा

## बागमतीमा सहकारी व्यवस्थापन चुनौतिपूर्ण, ५ सहकारी समस्याग्रस्त, ७२ सहकारी प्रहरीमा

# प्रहरी पठाइएको सहकारीको अवस्था बारे प्रदेश सरकार अनविज्ञ

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशमा सहकारी समस्या चुनौतिपूर्ण बनेको छ । प्रदेश सरकारले सहकारी व्यवस्थापनका लागि विभिन्न प्रयास गरेपनि ठोस नतिजा भने हात लाग्न सकेको छैन ।

प्रदेश सरकारले सहकारी समस्यालाई हल गर्न छुट्टै विभागिय मन्त्रालय खडा गरेको छ भने सो मन्त्रालय अन्तर्गत विभिन्न सांगठानिक संरचनाहरु पनि निर्माण गरेको छ । तर, सो संरचनाबाट सहकारी समस्याका विषयमा भएका कामको नतिजा भने देखिन सकेको छैन । बचतकर्ताहरुको बचत फिर्ता गर्ने सवालमा प्रदेश सरकारको सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको सहकारी महाशाखा र समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालयले काम गरिरहेको छ । उक्त संरचनाहरु सहकारी समस्या हल गर्न तथा बचतकर्ताको रकम फिर्ता गर्ने विषयमा प्रयत्न गरेपनि हालसम्म परिणाम निस्कन सकेको छैन ।

प्रदेश सरकारले सकहारी समस्या हल गर्न ५ वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरी व्यवस्थापनको काम गरिरहेको छ भने ७२ सहकारीलाई प्रहरी मार्फत् अनुसन्धानको घेरामा ल्याएको छ । प्रदेश सरकार अन्तर्गत साविकको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले सिभिल सेभिङ एण्ड क्रेडिट को(अपरेटिभ लिमिटेड र काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो भने हालको सहकारी तथा गरिबी निवारण मन्त्रालयले ललितपुरको सुमेरु सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, काठमाडौंको नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी लिमिटेड र ललितपुरको लालीगुँरास बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त घोषणा गरेको सहकारी महाशाखाका प्रमुख एवम् सहकारी तथा गरिवी निवारण मन्त्रालयका प्रवक्ता कुमार तामाङले जानकारी दिए । उनका अनुसार उक्त सहकारीको विषयमा काठमाडौं अनामनगर स्थित समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालयले काम अघि बढाएको छ ।

### समस्याग्रस्त सहकारीको सुस्त गति

प्रदेश सरकारले बचतकर्ताको रकम फिर्ता गर्ने उद्धेश्यले स्थापना गरेको समस्याग्रस्त सहकारीको गति निकै सूत देखिएको छ । प्रदेश सरकारले कार्यालय गठन हुनै किनै समय खर्च गरेको थियो भने अन्नत २०८० पुसमा उक्त कार्यालय गठनको निर्णय प्रदेश सरकारको मन्त्रिपरिषदबाट भएको थियो ।

कार्यालय गठन भएलगत्तै संचालक समितिमा ऐनमा निर्धारण गरे अनुसार ३ विज्ञ सदस्यहरु नियुक्त गरेको थियो। ५ सदस्य रहने व्यवस्था रहेपनि तत्कालका लागि ३ सदस्य र काडमाडौंमा कार्यालय राख्ने गरी १४ कर्मचारीको व्यवस्थापन समेत गरिएको थियो। तर, कार्यालय स्थापना गर्ने समस्या भएको थियो । २०८१ असारमा कार्यालय खडा गरी काम थालेको सो कार्यालयले हाल सिभिल र दर्शन सहकारीको कामलाई मात्र अघि बढाएको छ। अन्य ३ सहकारीको काम कार्यालयले हेर्न सकेको छैन ।

गत भदौ २१ मा पहिलो पटक सिभिल सहकारी, २०८१ कात्तिक ११ मा दर्शन सहकारी र पुस २८ मा नेशनल नमोबुद्ध, लालीगुँरास र सुमेरु सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको थियो । समस्याग्रस्त घोषणा गरिएसँगै सुमेरु, नेशनल नमोबुद्ध र लालीगुँरास सहकारीमा प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंले शिल गरिसकेको छ । कार्यालयले सो सहकारीको आयव्ययको अवस्था जाँचबुझ गर्न कम्प्युटरका हार्डडिक्सहरु सिज गरेको छ भने खातासमेत रोक्का गरिसकेको छ।

कार्यालयका अनुसार २ हजार ५०० भन्दाबढी सदस्य रहेको सिभिल सहकारीका एक हजार बढी सदस्यहरुले ५ अर्ब रुपैयाँभन्दा बढीको मागदाबी गरेका छन् । सोही अनुसार सो सहकारीको बिगो निर्धारण गरी आवश्यक प्रक्रिया अघि बढाइएको कार्यालय प्रमुख महेश आचार्यले बताए। सो सहकारीको समस्या व्यवस्थापन गर्न समितिले गत असोज २२ मा बचतकर्तालाई सम्पर्कमा आउन ३५ दिने सूचना जारी गरेको थियो। उक्त सूचनाका आधारमा बचतकर्ताहरू प्रमाणसहित रकम फिर्ताको मागदावी गर्न समितिको सम्पर्कमा आइरहेको उनको भनाइ छ ।

हालसम्म सो सहकारीका १ हजार ४९१ जना बचतकर्ताको ६ अर्ब ४ करोड ६ लाख ४१ हजार रुपैयाँको मागदाबी भएको आचार्यले जानकारी दिए। केही बचतकर्ताहरु सम्पर्कमा नआएको र उनीहरुको पनि विषय समाधान गर्नेगरी थप प्रक्रिया अघि बढाइएको उनले बताए । सबै सदस्यले मागदाबी पेस गर्दा सिभिलको करिब ८ अर्ब रुपैयाँको दायित्व देखिन सक्ने अनुमान छ ।

दर्शन सहकारीमा ९ हजार ८५७ जना सदस्य र कुल सम्पत्ति १ अर्ब ५७ करोड ४ लाख रुपैयाँ छ। सहकारीको जम्मा बचत दायित्व ८६ करोड ८० लाख ८६ हजार रुपैयाँ छ । सहकारीको जम्मा सेयर पुँजी २२ करोड ४५ लाख ४५ हजार रुपैयाँ, जगेडा कोष ४ करोड २५ लाख ७९ हजार रुपैयाँ, ऋण लगानी १ अर्ब ४५ करोड १३ लाख ४५ हजार रुपैयाँ र तिर्नुपर्ने बाह्य ऋण ३४ करोड ७६ लाख १६ हजार रुपैयाँ देखिएको छ। दर्शन सहकारीको व्यवस्थापन गर्न गत मंसिर १२ मा बचतकर्तालाई प्रमाणसहित सम्पर्कमा आउन ३५ दिने सूचना जारी गरिएको थियो। उक्त सूचनाका आधारमा बचतकर्ताहरु सम्पर्कमा आउने क्रममा छन् ।

यता विरेन्द्र महर्जन अध्यक्ष रहेको सुमेरु सहकारीले २ अर्ब २५ करोड १४ लाख रुपैयाँ बचत फिर्ताको मागदाबी छ। सो सहकारीको १३ अर्बभन्दा बढीको सम्पत्ति रहेको अनुमान छ भने ७ अर्बभन्दा बढीको दायित्व रहेको जनाइएको छ । राजकुमार तामाङ अध्यक्ष रहेको नेशनल नमोबद्ध सहकारीका ७२ बचतकर्ताले बचत फिर्ता माग गर्दै उजुरी दिएका थिए। नेशनल नमोबुद्धको १ अर्ब ५२ करोड रुपैयाँ दायित्व देखिएको छ भने ७० करोड रुपैयाँको सम्पत्ति रहेको मन्त्रालयले जनाएको छ ।

धनबहादुर तामाङ अध्यक्ष रहेको लालीगुँरास सहकारीविरुद्ध ९७२ बचतकर्ताको १ अर्ब ६१ करोड ९९ लाख ७५ हजार रुपैयाँ बचत फिर्ता माग गर्दै उजुरी परेको थियो । ३ हजार २३८ सेयर सदस्य रहेको उक्त सहकारीको बचत रकम ३ अर्ब ८६ करोड १४ लाख रुपैयाँ छ भने सहकारीको लगानी ३ अर्ब १६ करोड २५ लाख रुपैयाँ देखिएको छ ।

कार्यालयले बचतकर्तासँगै ऋणीहरुसमेत सम्पर्कमा ल्याउने काम गरिरहेको छ । मन्त्रालयले विभिन्न माध्यमबाट समस्याग्रस्त सहकारीका ऋणीहरुलाई सम्पर्कमा ल्याएर छलफल गरिरहेको आएको कार्यालयका प्रमुख आचार्यले बताए । उनका अनुसार ऋण तिर्न सम्पर्क नगर्ने व्यक्तिको खोजिकार्यका लागि दुरसञ्चारसंगको समन्वयमा विवरण तयार गरिरहेको उनले बताए ।

कार्यालयले समस्याग्रस्त घोषित सिभिल सहकरीका ऋणीहरुलाई ऋण तिर्न आउने बारेको ३५ दिने सूचना जारी गरिएको थियो। प्रदेश सहकारी ऐन २०७६ को दफा ८१ बमोजिम समितिले गत साउन ७ मा उक्त सूचना प्रकाशन गरेको थियो । संस्थाबाट उपभोग गरेको ऋण कर्जा रकमको साँवाब्याज ३५ दिनभित्र समितिको बैंक खातामा जम्मा गरी कर्जा राफसाफ गर्न सूचना जारी गरे पनि समय सीमाभित्र ऋणीहरुले खासै चासो देखाएनन्। सो पश्चात ऋणी खोज्न कार्यालयले दूरसञ्चारलाई पत्राचार गरेको थियो । दूरसञ्चारलाई सिभिलका ऋणीहरुको नामावली र सम्पर्क नम्बर अनुसार तीन पुस्ते विवरण तयार गर्न पत्राचार गरेको थियो । उक्त पत्राचार अनुसार सिभिल सहकारीका ३५५ जना ऋणीको तीनपुस्ते विवरण निकालिएको छ । प्राप्त विवरण अनुसार ८ अर्ब ३६ करोड ६८ लाख ३७ हजार रुपैयाँ ऋण असुल गर्नुपर्ने अवस्था छ ।

### कहाँ हुँदैछ ७२ सहकारीको अनुसन्धान ?

त्यसबाहेक प्रदेश सरकारले ७२ वटा सहकारीलाई प्रहरी मार्फत् अनुसन्धान गरिरहेको छ । महाशाखा र मन्त्रालयले बढी जोखिममा रहेको १३ सहकारीलाई केन्द्रीय अनुसन्धान व्यूरो (सिआईवी)लाई पठाइएको छ भने ५९ सहकारीलाई विभिन्न प्रहरी इकाई मार्फत् अनुसन्धान गरिरहेको उनले बताए ।

सहकारी महाशाखामा ७२ वटा सहकारी विरुद्ध आर्थिक विचलनको उजुरी दर्ता भए अनुसार प्रहरीमा अनुसन्धान का लागि पठाइएको उनको भनाई छ । ठगी गरेको आरोपमा १३ वटा सहकारी विरुद्ध सीआईवी र ५९ सहकारी विरुद्ध सम्बन्धित जिल्ला प्रहरी कार्यालयले अनुसन्धान गरिरहेको उनले बताए । उनका अनुसार प्रहरी कार्यालयहरुमा पठाइएकोमा सबैभन्दा बढी जिल्ला प्रहरी परिसर भद्रकालीमा २३ वटा रहेको छ भने जिल्ला प्रहरी परिसर टेकुमा १२, जिल्ला प्रहरी परिसर ललितपुरमा १०, जिल्ला प्रहरी परिसर भक्तपुरमा ६, जिल्ला प्रहरी कार्यालय काभ्रेमा ५ र जिल्ला प्रहरी कार्यालय चितवनमा ३ वटा रहेको छ ।

बचतकर्ताको उजुरीका आधारमा सीआईवीलाई छानवीनका लागि पत्राचार गरिएको उनले बताए। बचतकर्ताले दिएका उजुरीका विषयमा छलफल तथा समस्या समाधानका लागि सहकारीका सञ्चालकलाई सम्पर्कमा ल्याउने पटक पटकको प्रयास सफल नभएपछि अनुसन्धानका लागि सीआईवी र प्रहरीमा पत्राचार गरिएको प्रवक्ता तामाङले बताए । सहकारी विरुद्धको उजुरीलाई प्रक्रियागत रुपमा अघि बढाउँदा सम्पर्कमा नआएका, कार्यालय बन्द गरेर भागेका संचालकलाई खोज्ने कार्यका लागि प्रहरीलाई आग्रह गरिएको उनको भनाइ छ ।

संचालक बिचको समस्या, सञ्चालक समितिको अधिकारमा हस्तक्षेप गरी काममा अवरोध, सञ्चालक समितिको अध्यक्ष भागेको, निक्षेपकर्ताको रकम फिर्ता नगरेको, महँगो ब्याज, मिटरब्याज र सञ्चालकले नै ऋण नतिरेको जस्ता उजुरी प्राप्त भएको प्रवक्ता तामाङको भनाई छ ।

### कति छ ७२ सहकारीको विगो ?

प्रहरीमा पठाइउका ७२ सहकारी विरुद्ध प्रत्रक्रियागत रुपमा छानबिन भइरहेको महाशाखाले जनाएको छ । प्रहरीमा अनुसन्धानमा रहेको ७२ सहकारीहरु माथि ४ अर्व बढी बचत रकम हिना मिना गरेको तथा बचतकर्तालाई फिर्ता नगरेको देखिन्छ ।

सिआइवी र प्रहरी निकायमा अनुसन्धानका लागि पठाएको ७२ सहकारीमा बचतकार्ताको उजुरी अनुसार ४ अर्व ९ करोड १० लाख ९९ हजार रुपैयाँको विगो दावी गरिएको सहकारी महाशाखाले जनाएको छ । बढी जोखिममा रहेका तथा ठगि भएको देखिएका १३ सहकारीको ६८ करोड ८२ लाख ४० हजार ७१२ रुपैयाँ बचत रकम मागदावी गरिएको छ। पटक पटक ताकेता गरि बचत फिर्ता माग गर्दा पनि सहकारी संचालकबाट रकम फिर्ता लिन पाउन सकेका छैनन् ।

त्यस्तै जिल्ला प्रहरी परिसर भद्रकालीमा रहेको २३ वटा सहकारीबाट बचतकर्ताले १ अर्व ६९ करोड ९३ लाख ७७ हजार रुपैयाँ, जिल्ला प्रहरी परिसर टेकुमा रहेको १२ सहकारीबाट १५ करोड ८३ लाख २१ हजार रुपैयाँ, जिल्ला प्रहरी परिसर ललितपुरमा रहेको १० सहकारीबाट १ अर्व ५ करोड ७० लाख ११ हजार रुपैयाँ, जिल्ला प्रहरी परिसर भक्तपुरमा र हेको ६ सहकारीबाट ३९ करोड १० लाख ८८ हजार रुपैयाँ, जिल्ला प्रहरी कार्यालय काभ्रेमा रहेको ५ सहकारीबाट २३ करोड २८ लाख ५८ हजार रुपैयाँ र जिल्ला प्रहरी कार्यालय चितवनमा रहेको ३ वटा सहकारीबाट १ करोड २० लाख ९२ हजार रुपैयाँ बचत रकम फिर्ता पाएका छैनन् ।

मन्त्रालय र महाशाखाले अध्ययन तथा अनुसन्धान गरेर प्रहरी समक्ष थप अनुसन्धान सहित कारवाहीका लागि पठाएको सहकारीको अवस्थाको विषयमा अन्योल देखिएको छ। सो सहकारी माथिको कारवाही भए नभएको न मन्त्रालयलाई जानकारी छ न नै महाशाखाका कर्मचारी नै जानकार छ ।

महाशाखाले सम्बन्धीत प्रहरी कार्यालयलाई अनुसन्धानका लागि पठाउने र सो पछिको अवस्थाको विषयमा जानकारी राख्न नसकेको प्रवक्ता तामाङको भनाई छ । अनुसन्धान प्रक्रियामा रहेका र कारवाही प्रक्रियाका लागि प्रहरीले नै काम अघि बढाउने गरी पठाएकाले आफूहलाई जानकारी नभएको उनको भनाई छ

मन्त्रालयले २०७४ बाट सहकारीमा समस्या देखिए प्रहरीमा अनुसन्धान गर्न पठाउने गरेको भएपनि त्यसको अवस्था बारेमा प्रहरीले समेत पत्राचार गर्ने अवस्था नरहेको उनले बताए । अनुसन्धानको क्रममा रहेका सहकारीहरुमा बदमासी भेटिए प्रहरीले नै अदालतामा मुद्धा चलाएर बचतकर्ताको रकम फिर्ता गर्ने लगायतको काम गरिरहेको उनले बताए । मन्त्रालयले उक्त समस्यालाई ध्यानमा राखेर सिस्टम विल्डअप गरी कारवाही प्रक्रियाको जानकारी लिने तयारी गरेको उनले बताए ।

### समस्याको दिगो समाधान के ?

सहकारी मन्त्रालयका प्रवक्ता तामाङले आर्थिक रूपमा सहकारी समस्या देखिनुमा केभिड-१९, राष्ट्र बैंकको नियमनकारी नीति र आर्थिक मन्दीले निकै ठुलो भूमिका खेलेको बताए। सहकारीहरुले अचल सम्पत्ति (घरजग्गा) मा लगानी बढाउँदा समस्या भएको उनको भनाइ छ ।

‘मन्दीका कारण घरजग्गाको करोबारमा आएको संकुचनले सहकारी समस्या वृद्धि गरेको देखिन्छ ।’ उनले भने, ‘आन्तरिक पक्षमा हेर्ने हो भने लेखा सुपरिवेक्षण समितिको काम प्रभावकारी नहुनु, सञ्चालक समितिले तोकेको वा विनियममा उल्लेख भए अनुसार काम नगर्दा समस्या देखिएको हो ।’

नियामक निकायको भूमिका पनि प्रभावकारी नदेखिएको तामाङले बताए। ’संख्यात्मक रूपमा नियामक निकाय बढी भए पनि स्रोत साधनको रूपमा कमजोर देखिन्छ । जसले प्रभावकारी तवरले नियमन गर्न नसक्दा सहकारी समस्या आएको देखिन्छ ।’ प्रवक्ता तामाङले भने ।

बचतकर्तामा सहकारी साक्षरताको कमी, सहकारी संस्थाबिचको अस्वस्थ प्रतिस्पर्धा, निर्धारित क्षेत्रभन्दा बाहिर लगानी गर्नाले बचत तथा ऋण सहकारीमा समस्या देखिएको तामाङले प्रस्ट पारे । सहकारी समस्या समाधान गर्न सम्बन्धित सहकारी र सञ्चालक नै जिम्मेवार हुन जरुरी रहेको उनले बताए । नियामक निकायले प्रभावकारी रुपमा काम गर्नुपर्ने खाँचो पनि उनले औँल्याए ।

‘कानुनी व्यवस्था अनुसार अघि बढ्दामात्र अहिलेको अवस्था समाधान हुने अवस्था छैन ।’ तामाङले भने, ‘सम्बद्ध सबै पक्ष व्यावहारिक रुपले अघि बढ्न जरुरी छ। ऐन कानुन तथा पछिल्लो पटक आएको अध्यादेशलाई पनि परिमार्जन गरेर सरकारको स्पष्ट दृष्टिकोण र राजनीतिक दलहरूको साझा प्रतिबद्धता आउन जरुरी छ ।’

तामाङका अनुसार प्रदेश सरकारले प्रदेश सरकारी नीति तर्जुमाको तयारी गरेको छ । सम्बन्धित सरोकारवालासँग छलफल र बहसमार्फत कार्यान्वयन योग्य र दिगो व्यवस्थापनमा मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ ।

प्रहरी अनुसन्धानमा रहेको सहकारीहरु

| क्र.सं. | नाम | उजुरी | विगो दावी | मिति | |
|---|---|---|---|---|---|
| केन्द्रिय अनुसन्धान ब्यूरो महाराजगंज | | | | | |
| १. | भरोसा नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि | ७० | ७९,९६१,७०७ | १०/१८/२०७८ | |
| २. | विश्वास बहुउद्देश्यीय सहकारी संस्था लि. | ३५ | ५७,४६९,४२३ | ३/२९/२०८० | |
| ३. | मेगा पावर बचत तथा ऋण सहकारी संस्था लि | १९ | ३२,७२५,७०० | ५/११/२०८० | |
| ४. | सुमो बचत तथा ऋण सहकारी संस्था लि. | ३७ | ७,२२१,४९९ | ३/१३/२०८० | |
| ५. | नेपाल मोडेल मल्टिप्रोज को अपरेटिभ लि. | ९७ | ९८,२९१,०१० | ९/२३/२०८० | |
| ६. | रियल गोर्खा बचत तथा ऋण सहकारी संस्था लि. | १४२ | २८,८६२,१०३ | ११/५/२०७९ | |
| ७. | स्मृति बहुउद्देशयीय सहकारी संस्था लि. | २२ | १०,५६२,७३९ | ३/२९/२०८० | |
| ८. | एभरट्रष्ट बचत तथा ऋण सहकारी संस्था लि | १७७ | १४२,४०४,०१२ | २/१६/२०८० | |
| ९. | संध्या बचत तथा ऋण सहकारी संस्था लि | ५३६ | २७,९७०,५५४ | ११/५/२०७९ | |
| १०. | साहारा चितवन बचत तथा ऋण सहकारी संस्था लि. | १०५ | ८४,८८२,०५७ | ४/२३/२०८० | |
| ११. | एकता बुद्ध बचत तथा ऋण सहकारी संस्था | ९९ | ३५,८२३,८३६ | ४/२३/२०८० | |
| १२. | लिसकुस बहुउद्देश्यीय सहकारी संस्था लि. | ५४ | ७६,८४५,९७२ | ४/२५/२०७९ | |
| १३. | एयरटेल बचत तथा ऋण सहकारी संस्था लि. | | | ९/२६/२०८० | |
| जिल्ला प्रहरी परिसर भद्रकाली | | | | | |
| १४. | मञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लि. | ७४ | ६५,५७९,७५० | ९/२९/२०८१ | |
| १५. | फलफुल बहुउद्देश्यीय सहकारी संस्था लि. | २ | १,५००,००० | ९/२९/२०८१ | |
| १६. | राष्ट्रप्रेम बचत तथा ऋण सहकारी संस्था लि. | २२ | १४,४२२,६९८ | ८/१९/२०७९ | |
| १७. | अक्षता बचत तथा ऋण सहकारी संस्था लि. | ७५ | ६,५८५,८४३ | १२/९/२०७८ | |
| १८. | मेगाड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि. | १५० | १८८,६७३,१०४ | ११/६/२०८० | |
| १९. | हरिसिद्धि को(अपरेटिभ लि. | १५ | ३७,९४८,६१७ | १०/२१/२०८० | |
| २०. | कृष बचत तथा ऋण सहकारी संस्था लि. | ८५ | ७३,९९१,५१७ | ५/१६/२०८१ | |
| २१. | उपहार बहुउद्देश्यीय सहकारी संस्था लि | १३८ | २६,७४४,६५२ | ८/२१/२०८० | |
| २२. | युनिफाईड बचत तथा ऋण सहकारी संस्था | २२ | ३०,९८२,३६७ | ५/१६/२०८१ | |
| २३. | विजयपथ बचत तथा ऋण सहकारी संस्था लि | ९ | १,९५५,०८४ | १०/४/२०८० | |
| २४. | मेरुदण्ड बचत तथा ऋण सहकारी संस्था लि | ४० | ७,४८८,२५१ | ५/१६/२०८१ | |
| २५. | प्रस्परस बचत तथा ऋण सहकारी संस्था लि. | ४२ | १५,०००,००० | १०/२१/२०८० | |
| २६. | साख: बचत तथा ऋण सहकारी संस्था लि | ८ | २,९६७,३१७ | ११/६/२०८१ | |
| २७. | गेट वे बचत तथा ऋण सहकारी संस्था लि. | १२ | १,५८५,५०० | १०/४/२०८० | |
| २८. | जनसरोकार बचत तथा ऋण सहकारी संस्था | ६ | १,४५१,४०३ | ७/१/२०८१ | |
| २९. | हरियाली बचत तथा ऋण सहकारी संस्था लि. | ४८३ | ३६,२७७,९१३ | ३२/०४/२०८१ | |
| ३०. | खुशी बचत तथा ऋण सहकारी संस्था लि. | १२७ | ४०७,६००,००० | १/१२/२०८० | |
| ३१. | गोकर्ण बचत तथा ऋण सहकारी संस्था लि. | ८२ | ९,७००,००० | ३२/०४/२०८१ | |
| ३२. | अनमोल बहउद्देशयीय सहकारी संस्था लि | १५७ | २३,५१६,७१९ | १०/४/२०८० | |
| ३३. | भरपर्दो कृषक बचत तथा ऋण सहकारी संस्था लि. | २ | १,०००,५०० | ४/८/२०८१ | |
| ३४. | स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. | ४९९ | ३९६,६२८,६४९ | ९/२३/२०८० | |
| ३५. | भद्रकाली कृषि सहकारी संस्था लि. | १ | १,९००,००० | ११/५/२०७९ | |
| ३६. | कान्ती भैरव वचत तथा ऋण सहकारी संस्था लि. | १६७ | ३४५,८७७,४२७ | ८/२०/२०८० | |
| जिल्ला प्रहरी परिसर, टेकु | | | | | |
| ३७. | ए.बि.सी बचत तथा ऋण सहकारी संस्था लि. | ६२ | ५२,४३५,२१० | ५/१/२०७९ | |
| ३८. | युवा विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | ६ | २३,२२०,१३२ | ९/१/२०७९ | |
| ३९. | उत्तम बचत तथा ऋण सहकारी संस्था लि. | ६ | ५,७१०,७४६ | १०/६/२०७८ | |
| ४०. | ग्रेट गंगा सागर बचत तथा ऋण सहकारी संस्था लि. | १२० | ५७,८४१,७२० | १०/४/२०८० | |
| ४१. | नव बचत तथा ऋण सहकारी संस्था लि. | १ | ३,०२५,१२४ | २०७४/५/२९ | (डिभिजन सहकारी मार्फत्) |
| ४२. | धुलिखेल बचत तथा ऋण सहकारी संस्था लि. | ४ | १,६६४,१३० | १/२६/२०७५ | (डिभिजन सहकारी मार्फत्) |
| ४३. | मध्यपुर बहुउद्देश्यीय सहकारी संस्था लि. | १ | ५०,००० | १/१०/२०७५ | (डिभिजन सहकारी मार्फत्) |
| ४४. | गतिशिल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि | १ | १९५,४०० | ६/०४/२०७७ | (डिभिजन सहकारी मार्फत्) |
| ४५. | निर्मप्रेम बचत तथा ऋण सहकारी संस्था लि. | १ | १,५६१,५५६ | ६/१८/२०७८ | |
| ४६. | जय अम्बे बचत तथा ऋण सहकारी संस्था लि. | ३१ | ६,५१९,९०७ | ९/९/२०७७ | |
| ४७. | सुर्यलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | ३० | ६,०९७,१६५ | ८/२१/२०८० | |
| ४८. | राईजिङ्ग अप बचत तथा ऋण सहकारी संस्था लि. | ४० | | ७/४/२०७९ | |
| जिल्ला प्रहरी परिसर चितवन | | | | | |
| ४९. | जननी बहुउद्देश्यीय सहारी संस्था लि. | ६ | १,०६८,६२२ | ३२/०४/२०८१ | |
| ५०. | आर्जन बचत तथा ऋण सहकारी संस्था लि. | ४५ | ६६,८०८,७४६ | ११/११/२०७९ | |
| ५१. | यती बहुउद्देश्यीय सहकारी संस्था लि. | १३ | ४,४१५,१०१ | ८/२१/२०८० | |
| जिल्ला प्रहरी परिसर ललितपुर | | | | | |
| ५२. | देउराली बहुउद्देश्यीय सहकारी संस्था लि. | ४७३ | ४८७,८१७,८०७ | ७/१/२०८१ | |
| ५३. | डिलाईट बहुउद्देश्यीय सहकारी संस्था लि. | ४६ | १८,२४३,३२८ | ९/२९/२०८१ | |
| ५४. | ललितपुर सिटी बचत तथा ऋण सहकारी संस्था लि. | ४८ | २२,७९६,०२२ | ९/२९/२०८१ | |
| ५५. | कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | ११२ | ३२९,९६८,३९५ | ८/२०/२०८० | |
| ५६. | सिद्धिदाता बहुउद्देश्यिय महालक्ष्मी न.पा-१८ | १४० | ३७,८८४,४२५ | ११/८/२०८० | |
| ५७. | सुयोग बहुउद्देश्यिय ललितपुर | ४२ | ४५५६६६८६ | ११/१९/२०७८ | |
| ५८. | मञ्जरी बहुउद्देश्यीय सहकारी संस्था लि. | ५० | १७,१२८,२९८ | ६/४/२०७९ | |
| ५९. | करुणा बचत तथा ऋण सहकारी संस्था लि. | २० | २७,७४८,४८१ | ८/२१/२०८० | |
| ६०. | शुभ समृद्धि बचत तथा ऋण सहकारी संस्था लि. | ८९ | ५५,३७६,६३४ | ८/२१/२०८० | |
| ६१. | साकार बचत तथा ऋण सहकारी संस्था लि. | ३६ | १४,४८१,१७१ | ८/२१/२०८० | |
| जिल्ला प्रहरी परिसर, काभ्रे | | | | | |
| ६२. | पशुपति बचत तथा ऋण सहकारी संस्था लि. | ५० | ७८,६५०,८१९ | ९/२९/२०८१ | |
| ६३. | मुकुल बचत तथा ऋण सहकारी संस्था लि. | ३५ | १४,६०८,९९१ | ९/२९/२०८१ | |
| ६४. | अग्नी बचत तथा ऋण सहकारी संस्था लि. | २९ | ५२,९२७,८०६ | ५/१६/२०८१ | |
| ६५. | युनिटी बचत तथा ऋण सहकारी संस्था लि. | २९ | १५,२०४,६७३ | १०/२८/२०८० | |
| ६६. | यू एम बचत तथा ऋण सहकारी संस्था लि. | ७७ | ७१,४६६,५०७ | १०/२१/२०८० | |
| जिल्ला प्रहरी परिसर, भक्तपुर | | | | | |
| ६७. | झिंगु समाज बचत तथा ऋण सहकारी संस्था लि. | ५ | ५,६५८,९७३ | ९/२९/२०८१ | |
| ६८. | नवजिवन बहुउद्देश्यीय सहकारी संस्था लि. | ४६ | १०,१०९,६२२ | ९/२९/२०८१ | |
| ६९. | बुद्ध दर्शन पर्यटन सहकारी संस्था लि. | ८० | २२,९४२,६४९ | ५/१६/२०८१ | |
| ७०. | ओशिका बहुउद्देश्यीय सहकारी संस्था लि. | १ | ८,०००,००० | २/३/२०८० | |
| ७१. | स्वस्तिक बचत तथा ऋण सहकारी संस्था लि. | १२२ | २४,९०९,०८८ | ९/२३/२०८० | |
| ७२. | दुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | २४४ | ८६,६०९,०५४ | ५/१६/२०८१ | |
| जम्मा | | | | | |

स्रोत: सहकारी तथा गरिवी निवारण मन्त्रालय, बागमती प्रदेश

# महिला नेतृत्वको अवसर र चुनौतिबारे अन्तरक्रिया

**समाज संवाददाता**

हेटौंडाः राष्ट्रिय अपांग महासंघ नेपाल बागमती प्रदेश समिति र गैरसरकारी संस्था महासंघ मकवानपुरको आयोजनामा ११५ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा बुधबार समावेशी महिला नेतृत्वः अवसर र चुनौति विषयक अन्तरक्रिया कार्यक्रम भएको छ । सबै महिला, बालिकाको लागि अधिकार समानता र सशक्तिकरण भन्दै कार्यक्रम आयोजना गरिएको हो । गैरसरकारी संस्था महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा अध्यक्षता तथा बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चपागाईंको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

बागमती प्रदेशसभाकी उपसभामुख चापागाईंले सबै ठाउँमा न्यायोचित रुपमा समावेशी हुनुपर्ने बताउनुभयो । परिवर्तन नियमित हुने प्रक्रिया हो, कतिपय कुरा परिवर्तन भएपनि आँखाले देख्न र गन्न नसक्ने हुँदा समावेशी सहभागिता नदेखिएको उहाँको भनाइ छ । संघीय संसदमा १ सय १४ जना महिला र ७ वटा प्रदेश संसदमा ३ सय १६ महिला सदस्य रहेको उहाँले बताउनुभयो । सामाजिक संरचनाले गर्दा समस्या भएको उहाँको भनाइ छ । साँच्चै महिला समावेशीका लागि नारी दिवस नै कुर्नु नपर्ने उहाँले बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेशका प्रमुख पवन भट्टले २३ प्रतिशत महिलाको नाममा मात्र सम्पत्ति रहेको जानकारी दिनुभयो । ज्येष्ठ नागरिकदेखि बालिकासमेत बलात्कृत हुनुपर्ने अवस्था रहेको उहाँले जानकारी दिनुभयो । 'ऐन कानुन राम्रो छ, तर सम्मानजनक तरिकाले बाँच्न पाउने अवस्था छैन', प्रमुख भट्टले भन्नुभयो- 'पुराना संस्कृति र कुसंस्कार अझै रहँदा नारी दिवसले सार्थकता पाउन सकेको छैन । सबैको सहकार्यबाट महिलामैत्री बनाउन सकेमात्र दिवसले सार्थकता पाउने उहाँको भनाइ छ ।

जिल्ला समन्वय समिति मकवानपुरकी समन्वय अधिकारी शान्ति विश्वकर्माले ३३ प्रतिशत संघीय तहमा र ४१ प्रतिशत स्थानीय तहमा महिलाको सहभागिता रहेको बताउनुभयो । जसलाई उपलब्धि मान्नुपर्छ, तर क्षमता विकासको लागि प्रवर्द्धन गर्न जरुरी रहेको उहाँको भनाइ छ । निजामती सेवामा २८ प्रतिशत महिलाको सहभागिता रहेकोसमेत उहाँले जानकारी दिनुभयो । 'महिलालाई अझै काम गर्न सक्छ कि सक्दैन भन्ने दृष्टिकोणले हेरिन्छ', समन्वय अधिकारी विश्वकर्माले भन्नुभयो- 'अवसर दिए राम्रोसँग काम गर्न सक्छ भन्ने उदाहरण महिलाले देखाएका छन् ।' नीति निर्माण तहमा अझै महिला पुग्न जरुरी रहेको उहाँको भनाइ छ ।

नेतृत्व सम्हालेका महिलाले कार्यक्षमता प्रदर्शन, नेतृत्व विकास, नीति निर्माण तहसम्म पहुँच, आर्थिक सशक्तिकरणमा अवसर पाएको अधिवक्ता अप्सरा बस्नेतले बताउनुभयो । उहाँले समावेशी महिला नेतृत्वः अवसर र चुनौति विषयमा सहजीकरण गर्नुहुँदै यस्तो बताउनुभएको हो । तर, महिला समावेशीमा भने चुनौति रहेको उहाँले जानकारी दिनुभयो ।

समाजमा विश्वासको अभाव, अन्धविश्वास, कलंकबाट एकल महिला, दलित महिला र अपाङ्गता भएका महिला सबैभन्दा पीडित भएकाले चुनौति रहेको अधिवक्त बस्नेतले जानकारी दिनुभयो । कमजोर आर्थिक अवस्था, दोहोरो भूमिका र जिम्मेवारीको मार, समान अवसर र पहुँचको अभाव, आर्थिक सशक्तिकरणको अभाव, अपाङ्गता भएका व्यक्तिको लागि भौतिक संरचना बाधकको रुपमा रहेको र समावेशी संवेदनशीलताको अभावले गर्दा चुनौति रहेको उहाँको भनाइ छ ।

# बुटवल मेयरकप स्नुकरको फाइनलमा हेटौंडाका सोम

**समाज संवाददाता**

हेटौंडाः रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा जारी प्रथम संस्करणको अल नेपाल बुटवल मेयरकप खुला स्नुकर प्रतियोगिताको फाइनलमा हेटौंडा सोम लामा प्रवेश गर्नुभएको छ । बुधबार बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा भएको सेमिफाइनल खेलमा काठमाडौं महानगरपालिकाका वानच्यु तामाङलाई ६-४ को सेटले हराउँदै लामा फाइनलमा प्रवेश गर्नुभएको हो ।

यसअघि मंगलबार भएको क्वार्टरफाइनल चरणको खेलमा सोमले काठमाडौं महानगरपालिकाकाकै कुमार शाहीलाई ५-१ को सेटले पराजित गर्दै सेमिफाइनलको यात्रा पूरा गर्नुभएको थियो । हेटौंडाकै अर्का खेलाडी नितेश खण्डेलवाल बुटवलका रेगन श्रेष्ठसँग ५-१ को सेटले पराजित हुनुभएको थियो । बुटवलका गणेश दर्लामी मगरलाई हराउँदै सोमले टप १६ मा स्थान बनाउनुभएको थियो भने पाल्पाका कुनाल श्रेष्ठलाई ५-२ को सेटले पराजित गर्दै सोमले क्वार्टर फाइनलको यात्रा पूरा गर्नुभएको थियो । शनिबार हुने फाइनल खेलमा जीत निकाल्दै बुटवलमा जारी सर्वाधिक राशिको स्नुकर प्रतियोगिताको उपाधि जित्ने योजना बनाएका उहाँको भनाइ छ ।

नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एसोसिएसन रुपन्देही र खस्यौली स्नुकर क्लबको संयुक्त आयोजनामा सञ्चालन भएको प्रतियोगितामा हेटौंडामा भएको मेयर कप जिल्लास्तरीय स्नुकर प्रतियोगिताको उपाधि विजेता प्रयास कर्माचार्य, उपविजेता जिनेश श्रेष्ठ, तृतीय हुनु भएका मिथुन लामा, बिनय लामा, नितेश खण्डेवाल, सृजना कार्की र नवीन गुरुङ पनि प्रतियोगितामा सहभागी भएका थिए । हेटौंडाबाट सहभागी भएकामध्ये लामाले सेमिफाइनलको यात्रा पूरा गर्न सफल भएको हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउसका सञ्चालक पूर्णभक्त लामाले जानकारी दिनुभएको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुने उहाँले बताउनुभयो ।

प्रतियोगितामा रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललिलतपुर, भक्तपुर, नारायणगढ, इटहरी, बिर्तामोड, बनेपा, परासीलगायतका ठाउँबाट करिब २ सय ५० जनाको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि विजेताले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ तथा सेमिफाइनलिष्टले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, राइजिङ्ग स्टार र अनुशासनको पालना गर्ने खेलाडीले स्नुकर स्टिक प्राप्त गर्नेछन् ।

# दशौं राष्ट्रिय भेट्रान्स फुटबल आजबाट

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा भेट्रान्स क्लबको आयोजनामा दशौं संस्करणको राष्ट्रिय भेट्रान्स फुटबल प्रतियागिता आज बिहीबार बाट सुरु हुँदैछ । हेटौंडा-४, हुप्रचौरमा सुरु हुने प्रतियोगिताको उद्घाटन खेलमा बानेश्वरी फ्रेण्डसीप भेट्रान्स र वीरगञ्ज सिटी भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो २ बजेबाट सुरु हुनेछ । ८ ए साइडमा सञ्चालन हुने रनिङ शिल्ड भेट्रान्स फुटबल प्रतियोगितामा १५ वटा भेट्रान्स क्लबको सहभागिता रहनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ५० हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेता टिमले ७५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको म्यान अफ द सिरिजले १० हजार रुपैयाँ, सर्वोत्कृष्ट प्रशिक्षक, सर्वोत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स र उत्कृष्ट मिडफिल्डरले जनही ५ हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । गतवर्ष सम्पन्न भएको नवौं संस्करणको राष्ट्रिय हेटौंडा भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि वानेश्वरी फ्रेण्डसीप भेट्रान्स क्लबले जितेको थियो ।

श्री देवकी माध्यमिक विद्यालय
प्राबिधिक शिक्षालय
बागमती गाउँपालिका-५, लिलादमार, ज्यामिरे,

शिक्षक/प्रशिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/११/२१)*

प्रस्तुत बिषयमा बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/११/१९ को च.नं २०७६ को प्राप्त शिक्षक पदपूर्ति विज्ञापन अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहेको प्राविधिक धार तर्फको मा.वि.द्वितीय सो सरह रसायन विज्ञान विषयको शिक्षक र प्राविधिक धार कम्प्युटर इन्जिनियरिङ तर्फ सह-प्रशिक्षक पदमा पद पूर्ति गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपालि नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.स. | विज्ञान नं. | पद श्रेणी | विषय | पद संख्या | परीक्षा दस्तुर | शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/०८१/०८२ | मावि द्वितीय सो सरह | रसायन विज्ञान | १(एक) | रु. २,०००/- | -रसायन विज्ञानमा M.Sc उत्तिर्ण गरेको | |
| २ | ०५/०८१/०८२ | सह-प्रशिक्षक नि.मा.वि. सो-सरह | कम्प्युटर इन्जिनियरिङ | १(एक) | रु. १,०००/- | -कम्पुटर इन्जिनियरिङमा ३ बर्षे डिप्लोमा, TSLC (+2) उत्तिर्ण गरेको | |

३. उमेरः १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
४. तलब सुबिधाः नेपाल सरकारले तोकिए बमोजिम ।
५. छनौटको किसिमः लिखित, अन्तरर्वाता ।
६. दरखास्तको अन्तिम मितिः २०८१/१२/०७ गते अपरान्ह ४:०० बजेसम्म ।
७. सम्पर्क मितिः २०८१/१२/०८ गते ।
८. आवश्यक कागजातहरुः नागरिकताको प्रतिलिपि शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रामाणित प्रतिलिपि ।
९. परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ ।

**नोट**ः दरखास्त सानिमा बैंकको खाता नं ०६२०१००१००००१०७ मा रकम जम्मा गरी स्क्यान बैंक भौचर ईमेल devakimavischool@gmail.com मार्फत पनि दिन सकिने छ ।

अन्य जानकारीका लागि मो.न.प्र.अ. ९८४५६८७९९९ स.प्र.अ. ९८४६८७२६१८ वि. व्य. स.अ.९८४५५३९७३० वा विद्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रधानाध्यापक**

# २६ गतेबाट कक्षा-८ (आधारभूत तह) को वार्षिक परीक्षा

**समाज संवाददाता**

हेटौंडाः आगामी फागुन २६ गतेबाट मकवानपुरका सामुदायिक विद्यालयमा कक्षा-८ (आधारभूत तह)को वार्षिक परीक्षा सुरु हुने भएको छ । मकवानपुरगढी गाउँपालिका र भीमफेदी गाउँपालिकाका विद्यालयमा फागुन २६ गतेबाट कक्षा-८ को वार्षिक परीक्षा सुरु हुने भएको हो ।

यस्तै थाहा नगरपालिकामा फागुन २७ गतेबाट परीक्षा हुने भएको छ । हेटौंडा उपमहानगरपालिका, इन्द्रसरोवर गाउँपालिका, मनहरी गाउँपालिका, कैलाश गाउँपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा भने चैत्र ७ गतेबाट कक्षा-८ (आधारभूत तह) को वार्षिक परीक्षा सुरु हुने भएको हो । यस्तै, राक्सिराङ गाउँपालिकामा भने चैत ८ गतेबाट मात्र कक्षा-८ (आधारभूत तह) को वार्षिक परीक्षा सुरु हुने भएको छ ।

मकवानपुरगढी र भीमफेदीमा परीक्षा दिउँसो १ बजेदेखि ३ बजेसम्म सञ्चालन हुने भीमफेदी गाउँपालिकाका शिक्षा शाखा प्रमुख चक्र साउदले जानकारी दिनुभयो । पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ । २७ गते नेपाली, २८ गते सामाजिक विषयको परीक्षा हुनेछ । यस्तै, चैत्र १ गते विज्ञान, ३ गते गणित, ४ गते स्वास्थ्य र ५ गते स्थानीय विषयको परीक्षा हुनेछ । भीमफेदीका १४ वटा विद्यालयका २ सय ७९ विद्यार्थीले परीक्षाको आवेदन फारम भरेको प्रमुख साउदले जानकारी दिनभयो ।

यसैगरी मकवानपुरगढीका १६ वटा विद्यालयबाट ४ सय ६७ विद्यार्थीले पनि सोही दिनबाट परीक्षा दिने मकवानपुरगढी गाउँपालिकाका शिक्षा शाखा प्रमुख रामबहादुर घलानले जानकारी दिनुभयो । यस्तै, थाहा नगरपालिकामा फागुन २७ गतेबाट सुरु हुने परीक्षाका लागि २५ वटा विद्यालयका ६ सय ३३ जना विद्यार्थीले परीक्षा आवेदन फारम भरेको थाहा नगर पालिकाका शिक्षा शाखा प्रमुख सूर्यबहादुर थिङले जानकारी दिनुभयो ।

चैत ७ गतेबाट सुरु हुने परीक्षाका लागि इन्द्रसरोवरका ७ वटा विद्यालयका एक सय ८० विद्यार्थीले परीक्षा आवेदन फारम भरेको इन्द्रसरोवर गाउँपालिकाका शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले जानकारी दिनुभयो । मनहरीका १८ वटा विद्यालयका करिब ९ सय विद्यार्थीले परीक्षा आवेदन फारम भरेको मनहरी गाउँपालिका शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभयो ।

यसैगरी, कैलाशका १० वटा विद्यालयबाट ४ सय २७ विद्यार्थीले परीक्षा आवेदन फारम भरेको कैलाश गाउँपालिका शिक्षा शाखाका प्राविधिक सहायक दीपेन्द्र अधिकारीले बताउनुभयो । हेटौंडाका ८४ विद्यालयबाट ४ हजार ३ सय ३७ विद्यार्थीले परीक्षा आवेदन फारम भरेको हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका शिक्षा अधिृकत रमेश बिडारीले जानकारी दिनुभयो । बकैयाका २२ वटा विद्यालयबाट ६ सय ८५ विद्यार्थीले परीक्षा आवेदन फारम भरेको बकैया गाउँपालिकाका शिक्षा शाखा प्रमुख आइतराम तामाङले जानकारी दिनुभयो । परीक्षा १४ गतेसम्म सञ्चालन हुनेछ ।

चैत ८ गतेबाट सुरु हुने कक्षा-८ (आधारभूत तह) को वार्षिक परीक्षाका लागि राक्सिराङका १५ वटा विद्यालयबाट ४ सय १८ विद्यार्थीले परीक्षा आवेदन फारम भरेका छन् । परीक्षा १५ गतेसम्म सञ्चालन हुने राक्सिराङ गाउँपालिकाको शिक्षा अधिकृत पंकज थारुले जानकारी दिनुभयो ।

# पौडेललाई लघुकथा पुरस्कार



**समाज संवाददाता**

हेटौंडा : लघुकथा समाज नेपालले बाटुली-खिलध्वज लघुकथा पुरस्कार-२०८१ मकवानपुरका लघुकथाकार किशन पौडेललाई प्रदान गर्ने भएको छ । लघुकथा चौतारी मकवानपुरका संयोजक एवम् मातृभूमि साहित्य समाज हेटौंडाका सचिव पौडेललाई २१ हजार राशीको पुरस्कार प्रदान गर्न लागेको हो ।

लघुकथा समाज नेपालको बिहीबार बसेको कार्यसमितिको बैठकले पौडेललाई पुरस्कृत गर्ने निर्णय गरेको हो । लघुकथाकार किशन पौडेलका लघुकथा संग्रह 'खुसी' र हिन्दी भाषामा अनूदित लघुकथा संग्रह 'अन्तर्दृष्टि' प्रकाशित छन् । पौडेलको गजल संग्रह 'कहर' पनि प्रकाशित छ ।

# हेटौंडा एकेडेमीको २६ औं वार्षिकोत्सवमा शिल्प प्रदर्शनी

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-११ स्थित हेटौंडा एकेडेमी रेसिडेन्टिएल सेकेण्डरी बोर्डिङ स्कूलले वार्षिकोत्सवमा विभिन्न कार्यक्रम गर्ने भएको छ । आगामी शुक्रबार २६ औं वार्षिकोत्सवको अवसरमा एकेडेमीले विज्ञान, खेलकुद, कला र शिल्प प्रदर्शनीसँगै खाना महोत्सव गर्ने भएको हो ।

बुधबार बोर्डिङका विद्यालय व्यवस्थापन समिति अध्यक्ष अरुणराज सुमार्गीले पत्रकार सम्मेलन आयोजना गर्दै कार्यक्रमबारे जानकारी दिनुभएको छ । विद्यालयको वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा विद्यार्थीबाट वृहत् सांस्कृतिक कार्यक्रम प्रदर्शनी, विज्ञान प्रविधिको प्रदर्शनी, हस्तकला, चित्रकला, पुस्तक मेला, खेलकुद सामग्री प्रदर्शनी तथा खाना महोत्सव हुने अध्यक्ष सुमार्गीले बताउनुभयो ।

कार्यक्रमको उद्घाटन बागमती प्रदेश विश्वविद्यालयका अध्यक्ष चन्द्रमणि पौडेलले गर्नुहुनेछ । ७ सय ९ जना विद्यार्थी अध्ययनरत बोर्डिङमा शिक्षासँगै खेलकुद भन्ने नाराका साथ क्रिकेट र फुटबलको प्रशिक्षण कक्षा सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो । विद्यालयका विद्यार्थीमार्फत् धर्म र संस्कृतिलाई अभिभावकसम्म प्रवर्द्धन गर्न लागेको उहाँले बताउनुभयो । संस्कृति र धर्मको कुरालाई अभ्यासात्मक रुपले बुझाउने उद्देश्य लिएको उहाँले बताउनुभयो । पत्रकार सम्मेलनमा बोर्डिङका प्राचार्य धिरज श्रेष्ठ, मावि कोर्डिनेटर अर्चना उप्रेती र विद्यालय व्यवस्थापन समिति सदस्य अंकीता सुमार्गीको उपस्थिति रहेको थियो ।

## *सार्वजनिक ऋणको...*

परिस्थितिप्रति समीक्षा गर्ने बेला आइसकेको छ । यदि हामीले समयमै यसप्रति चनाखो र खबरदारी गर्न सकेनौं भने यही ऋण पासो बन्दै छिमेकी राष्ट्रहरूको जस्तै विकराल अवस्था नआउला भन्न सकिँदैन र जनताको दैनिकी र जीवनस्तरमा सुधार ल्याउन अनिश्चित नै छ । अतः ऋणमा होइन, सोको सदुपयोगपछि त्यसले आर्जन गर्ने ब्याजलाई दिगो बनाउँदै आत्मनिर्भर बन्न सक्नु वर्तमानको चुनौती हो । नत्र सार्वजनिक ऋण पूर्णांकबाहिर जाने निश्चित छ, जुन हामी थेग्न सक्दैनौं ।

*(स्रोतः कारोबारदैनिक)*

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ